# त्रियुगा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

**पारित मिति : २०७४/११/२५**

**प्रमाणीकरण मिति :** २०७४/१२/०५

**पृष्ठ संख्या : २**

**स्थानीय राजपत्रमा प्रकाशित मिति :** २०७४/........

## २०७४ सालको ऐन नं.

**प्रस्तावना:**नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम त्रियुगा नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**(१) यो ऐनको नाम त्रियुगा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन त्रियुगा नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले त्रियुगा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले त्रियुगा नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) “नगरपालिका” भन्नाले त्रियुगा नगरपालिकासम्झनु पर्छ ।

(ङ) “सभा” भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(च) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

मिति २०७४।११।२५ गते बसेको त्रियुगा नगरपालिकाको दोश्रो नगर सभा अधिवेशनबाट पारित भएको प्रमाणिकरण गर्दछु ।

देवि कुमारी चौधरी
सभाध्यक्ष(उप प्रमुख)

**३. <u>नियम बनाउने अधिकार</u>** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त त्रियुगा नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४.<u>निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः</u>**(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही त्रियुगा नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।

**पारित मिति : २०७४/११/२५**

**प्रमाणीकरण मिति :** २०७४/१२/०५

**पृष्ठ संख्या : २**

मिति २०७४।११।२५ गते बसेको त्रियुगा नगरपालिकाको दोश्रो नगर सभा अधिबेशनबाट पारित भएको प्रमाणिकरण गर्दछु ।

देवि कुमारी चौधरी
सभाध्यक्ष(उप प्रमुख)